# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड : ३ संख्या : १२ कार्तिक २१, २०८०**

### भाग-३

### <u>सूचना</u>

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/०७/२१ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ ।

| निर्णय नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | गुल्मीदरबार गाउँपालिकामा सञ्चालनमा रहेको कृषि तथा पशु उद्यमशिलता कार्यक्रमको लागि लागत साझेदारीमा रकम अपुग भएको हुँदा अध्यक्ष युवा उद्यम कार्यक्रम खर्च शिर्षक २२५२२ मा रहेको रकमबाट रु.१००००००।-उपलब्ध गराउने र उक्त कार्यक्रमको समन्वय हेफर मार्फत गर्ने निर्णय गरियो । |
| ३ | गुल्मीदरबार गाउँपालिका वडा नं. ७ निवासी टोप बहादुर बस्नेतको पसलमा आगोलागी हुँदा करिव ६० लाखको क्षति भएको निजको निवेदन र वडाको सिफारिसका आधारमा निजलाई रु.५००००।- आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो । |
| ४ | गुल्मीदरबार गाउँपालिकामा आ.व.२०८०/८१ मा सञ्चालन हुने योजना तथा कार्यक्रमका उपभोक्ता समितिका पदाधिकारीहरुलाई तालिम सञ्चालन गर्न यस पहिलेको निर्णय भएकोमा हाललाई उक्त तालिम नगर्ने । वडा कार्यालयमा कार्यरत वडा सचिव र सहायक कर्मचारीहरुलाई योजना सञ्चालन एवं राजश्व संकलन सम्बन्धी तालिम एवं अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो । |
| ५ | प्रदेश सशर्तका योजनाहरुको लागत स्टिमेट तयार गरि ठेक्का प्रक्रिया मार्फत गर्ने निर्णय गरियो । |
| ६ | गाउँपालिकाको आ.व.२०८०/०८१ को नीति तथा कार्यक्रम बमोजिम गाउँपालिकामा MBBS डाक्टर नियुक्ति गरी सेवा प्रवाह गर्ने । डाक्टरको कार्यक्षेत्र गौंडाकोटमा रहने र गौंडाकोटमा बस्ने व्यवस्था नभएसम्मको लागि दरबार देविस्थान स्वास्थ्य चौकीबाट सेवा प्रबाह गर्ने व्यवस्था मिलाउने निर्णय गरियो । |
| ७ | गुल्मीदरबार गाउँपालिका वडा नं. ३ मा एक्सरे र ल्याव स्थापनाका लागि सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेशको आपूर्ति महा शाखामा माग गर्ने निर्णय गरियो । |
| ८ | ग्रामीण Ultrasound र आमा सुरक्षा कार्यक्रमका लागि अपुग हुने रकम परिवार स्वास्थ्य महाशाखामा लेखि पठाउने निर्णय गरियो । |
| ९ | बंगुर प्रबर्द्धन कार्यक्रमको लागि किसान छनौट गर्दा ३० वटा छनौट गर्ने । जस मध्ये २० वटा गाउँपालिकामा दर्ता भएका र १० वटा गाउँपालिकामा दर्ता नभएका छनौट गर्ने ।गाउँपालिकामा दर्ता भएका फर्मको लागि रु.४००००।- का दरले र गाउँपालिकामा दर्ता नभएका फर्मको लागि रु.२००००।-का दरले उपलब्ध गराउने र उक्त सशर्तको कार्यक्रम हेफर मार्फत गर्ने निर्णय गरियो । |
| १० | गुल्मीदरबार गाउँपालिकामा आ.व.२०८०/०८१ मा १०० जना युवा उद्यमी छनौट गुल्मीदरबार गाउँपालिकाको युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०७९ बमोजिम प्रत्येक वडाबाट कम्तिमा १० जना युवा उद्यमी पर्ने गरि तपशिल बमोजिमका वडाबाट निम्न बमोजिमका उद्यमी छनौट गर्ने र कार्यान्वयन हेफर मार्फत गर्ने निर्णय गरियो ।<br>तपशिलः<br>वडा नं. १ बाटः- १३ जना<br>वडा नं. २ बाटः- १२ जना<br>वडा नं. ३ बाटः- १४ जना<br>वडा नं. ४ बाटः- १६ जना<br>वडा नं. ५ बाटः- १५ जना<br>वडा नं. ६ बाटः- १४ जना<br>वडा नं. ७ बाटः- १६ जना |

<table>
<tr><td></td><td>गरि कुल जम्मा १०० जना युवा उद्यमीहरु छनौट गरि नामावली अनुसूची प्रमाणीत गरि राखियो ।</td></tr>
<tr><td>११</td><td>गुल्मीदरबार गाउँपालिकाका नागरिकहरुलाई घरदैलोमै विभिन्न सेवाहरु उपलब्ध गराउने उद्देश्यले मिति, समय र स्थान एकिकृत घुम्ती शिविर सञ्चालन गर्ने निर्णय गरियो ।
<table>
<tr><th>सि.नं.</th><th>मिति</th><th>स्थान</th><th>समय</th></tr>
<tr><td>१</td><td>२०८०/०८/२४</td><td>१ नं. वडा कार्यालय, बलिथुम</td><td>बिहान ११.०० देखि ४.०० बजेसम्म</td></tr>
<tr><td>२</td><td>२०८०/०८/२५</td><td>२ नं. वडा कार्यालय, जुभुङ्ग</td><td>बिहान ११.०० देखि ४.०० बजेसम्म</td></tr>
<tr><td>३</td><td>२०८०/०८/२६</td><td>३ नं. वडा कार्यालय, राजा</td><td>बिहान ११.०० देखि ४.०० बजेसम्म</td></tr>
<tr><td>४</td><td>२०८०/०८/२७</td><td>४ नं. वडा कार्यालय, वीरबास</td><td>बिहान ११.०० देखि ४.०० बजेसम्म</td></tr>
<tr><td>५</td><td>२०८०/०८/२८</td><td>५ नं. वडा कार्यालय, अमर अर्वाथोक</td><td>बिहान ११.०० देखि ४.०० बजेसम्म</td></tr>
<tr><td>६</td><td>२०८०/०८/२९</td><td>६ नं. वडा कार्यालय, उपल्लो हटिया</td><td>बिहान ११.०० देखि ४.०० बजेसम्म</td></tr>
<tr><td>७</td><td>२०८०/०८/३०</td><td>७ नं. वडा कार्यालय, ठुलोपोखरा</td><td>बिहान ११.०० देखि ४.०० बजेसम्म</td></tr>
</table></td></tr>
<tr><td>१२</td><td>सामाजिक सुरक्षा रकम बैकबाट वितरण हुँदा मृत्यु भैसकेका नागरिकको खातामा सामाजिक सुरक्षा रकम भुक्तानी भएको हुँदा मृत्यु भएका र खातामा रकम गएका नागरिकहरुको लगत कट्टा गरि रकम फिर्ता गर्नको लागि सम्बन्धित वडा कार्यालयहरुलाई जानकारी गराउने निर्णय गरियो</td></tr>
<tr><td>१३</td><td>शुभ दिपावलीमा आयातित प्लाष्टिकका फूलहरु प्रयोग नगरि स्थानीय फूलहरुको उपयोग गर्नको लागि गुल्मीदरबार बासी नागरिकहरुलाई सूचना मार्फत अनुरोध गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>१४</td><td>सिमाना सम्बन्धी समस्याको विषयमा लेखि पठाउन भनि पत्र प्राप्त भएको हुँदा गुल्मीदरबार गाउँपालिका वडा नं. ६ र वडा नं. ७ को उपल्लो हटियामा सिमानामा समस्या रहेको हुँदा सिमाना एकिनको व्यवस्था मिलाई दिनको लागि सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>१५</td><td>भुकम्पबाट क्षति भइ प्रभावित भएका जाजरकोट र रुकुमका नागरिकहरुका लागि आर्थिक सहयोग गर्नको लागि भुकम्प प्रभावित राहत कोष जाजरकोट र रुकुम पश्चिम विविध खातामा रकम रु. ५०/५० हजार विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।</td></tr>
<tr><td>१६</td><td>गुल्मीदरबार गाउँपालिका वडा नं. २ मा सञ्चालनमा रहेको ठुलोखोला काब्रेपोखरी सुर्योदय सोलार मुस परियोजना खानेपानीको आ.व.२०७९/०८० मा ठेक्का भइ चालु आ.व.मा म्याद थप भइ काम सम्पन्न भएको हुँदा उक्त योजनाको बिल बमोजिमको रकम भुक्तानीको लागि आ.व.२०८०/०८१ मा सूर्योदय सोलार लिफ्ट खानेपानी वडा नं. २ शिर्षकमा रहेको रु.६५००००।- ,सोलारमुस घेराबार वडा नं. २ शिर्षकमा रहेको रु.५०००००।- र ठुलोखोला काब्रेपोखरी सोलार लिफ्ट खा.पा.वडा नं. २ शिर्षकमा रहेको रु. ८५००००।- गरि जम्मा रु. २००००००।- बाट ठुलोखोला काब्रेपोखरी सुर्योदय सोलार मुस परियोजनालाई भुक्तानी दिने निर्णय गरियो ।</td></tr>
<tr><td>१७</td><td>गुल्मीदरबार गाउँपालिका अन्तर्गतका बर्थिङ्ग सेन्टर सञ्चालन भएका र पावर व्याकअप नभएका स्वास्थ्य चौकीहरुमा पावर व्याकअपको व्यवस्था मिलाउने निर्णय गरियो ।</td></tr>
<tr><td>१८</td><td>गुल्मी जिल्लाको पवित्र धार्मिक तथा ऐतिहासिक स्थल रेसुङ्गामा लाग्ने महान पर्व हरिबोधिनी एकादशीको पावन अवसरमा विगतका वर्षमा जस्तै यस वर्ष पनि मिति २०८० मंसिर ७ गतेका दिन गुल्मीदरबार गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालय तथा सार्वजनिक संघ संस्थाहरुमा सार्वजनिक बिदा दिने निर्णय गरियो ।</td></tr>
</table>

आज्ञाले,

(राजिव पन्थी)

प्रमुख प्रशासकीय अधिकृत